APARA (Kathmandu) (Peer-reviewed Research Journal), Vol. 5, 2025 August ISSN NO. 2382-5138

# उत्तरवर्ती नेपाली कवितामा परम्परित संस्कृतिपरक अन्तर्विषयकता

**ज्ञानु अधिकारी**
उपप्राध्यापक
पद्मकन्या बहुमुखी क्याम्पस
shabdaga@gmail.com

Received: Feb 29, 2025 Revised: May 17, 2025 Accepted: May 25, 2025

**लेखसार**

प्रस्तुत आलेखमा परम्परित संस्कृति अन्तर्विषय बनेर आएका केही प्रतिनिधिमूलक उत्तरवर्ती नेपाली कवितालाई पाठका रूपमा लिई ती कवितामा प्रयुक्त परम्परित संस्कृतिका आर्य, जनजातीय र दलित संस्कृतिका विभिन्न पक्षहरूको विश्लेषण र मूल्याङ्कन गरेर अन्तर्विषयकताको निरूपण गरिएको छ । यसक्रममा साठीको दशकयता प्रकाशित कविताकृतिभित्र समावेश भएका परम्परित संस्कृतिसँग सम्बद्ध प्रतिनिधिमूलक कविताहरूको चयन गरी ती कवितामा अभिव्यक्त परम्परित संस्कृतिका विविध पक्षहरूको विश्लेषण र मूल्याङ्कन गर्नु यस अनुसन्धान लेखको उद्देश्य हो । अन्तर्विषयक सिद्धान्तका व्याख्याता जुली थम्प्सन क्लेइनको एउटा विषयसँग सम्बद्ध भएर अन्य विषयहरूको प्रवेश हुनु नै अन्तर्विषयकता हो र त्यसले मूल विषयलाई अझ प्रभावकारी बनाउँछ भन्ने सैद्धान्तिक मान्यतालाई आधार बनाई यो लेख सम्पन्न गरिएको छ । यसमा चयनित कविताहरूको विश्लेषणका लागि परम्परित संस्कृतिपरक अन्तर्विषयकताका आधारभूत मान्यताहरूलाई सैद्धान्तिक ढाँचाका रूपमा अवलम्बन गरी सोद्देश्यमूलक नमुना छनोट पद्धतिबाट पाठगत तथ्याङ्क सङ्कलन गरी सघन विश्लेषण गरिएको छ । त्यसका निम्ति परम्परित संस्कृतिअन्तर्गत आर्यसंस्कृति, जनजातीय संस्कृति र दलित संस्कृतिजस्ता तीनवटा सूचकलाई अवधारणात्मक ढाँचाका रूपमा उपयोग गरी अध्ययन सम्पन्न गरिएको छ । उत्तरवर्ती नेपाली कवितामा कविताको मूल विषयसँगै आएको संस्कृतिपरक अन्तर्विषयकताको प्रयोगले कवितालाई विषयगत व्यापकता र वैचारिक गम्भीरता प्रदान गरेको निष्कर्ष यसमा निकालिएको छ ।

*शब्दकुञ्जी : जनजाति, नैसर्गिकता, प्रतिरोधी संस्कृति, बहुलचेतना, मृत्युसंस्कार ।*

**विषयपरिचय**

प्रस्तुत आलेख उत्तरवर्ती कवितामा अभिव्यञ्जित परम्परित संस्कृतिपरक अन्तर्विषयकताको विविध पक्षहरूको विश्लेषणमा केन्द्रित रहेको छ । अन्तर्विषयकता भन्नाले एउटा विषयसँग सम्बद्ध भएर अन्य विषयहरूको प्रवेश हुनु र त्यसले मूल विषयलाई अझ प्रभावकारी बनाउनु हो । त्यसैले अन्तर्विषयकतालाई दुई वा दुईभन्दा बढी विषयहरूमा ज्ञान र सोचका मोडहरू एकीकृत गर्ने क्षमताका रूपमा परिभाषित

गरिएको देखिन्छ । अन्तर्विषयकता हजारौँ अनुशासनात्मक विषय समेटेर निर्माण भएको एक छाता हो, जसमा विविध प्रकारका विधि, सिद्धान्त, प्रविधि, अनुसन्धान, विचार, क्षेत्र र विषयहरू सम्मलित भएर आएका हुन्छन् (क्लेइन, २००५, पृ. १९-२१) । यसरी साहित्यमा साहित्येतर अन्य विषयको प्रवेश हुनु साहित्यको अन्तर्विषयकता हो । कुनै पनि विषय आफैँमा पूर्ण र अन्तिम हुँदैनन् । अन्य विषयको अन्तर्मिश्रणले मात्र त्यो विषय पूर्ण हुन्छ भन्ने मान्यता अन्तर्विषयकताको रहेको हुन्छ । अन्तर्विषयकतामा प्रथम विषय र दोस्रा विषयहरूगरी दुई किसिमका विषय हुन्छन् । प्रथम विषय सामान्य हुन्छ भने दोस्रो विषय विशिष्ट हुन्छ र यही दोस्रो विषय नै सारतत्त्वका रूपमा रहेको हुन्छ (मोरान, २००२, पृ. ३) भन्ने मोरानका मान्यतालाई उत्तरवर्ती नेपाली कवितामा प्रयुक्त संस्कृतिपरक अन्तर्विषयकताले पुष्टि गरेको छ ।

परम्परादेखि अविछिन्न रूपमा चल्दै, मानिदै आएको संस्कृति नै पारम्परिक संस्कृति हो र यही पारम्परिक संस्कृति नै मौलिक र पहिचानयुक्त संस्कृति हो । हरेक मानव समुदायको आआफ्नै भाषा र संस्कृति हुन्छ । समयको लामो कालखण्ड पार गरेर पनि समाजमा विद्यमान यस्तो संस्कृतिले सम्बन्धित समुदायको मौलिक परम्परा, संस्कृति, कला आदिलाई झल्काउँछ । साथै, भावनाका अन्तर्तहमा निहित अमूर्त तर व्यावहारिक जीवनमा परिमार्जित रूप लिएर आचरणको स्वरूप बनेर प्रकट हुने परिणामलाई संस्कृति (सुवेदी, २०७३, पृ. २१४) भनिन्छ । परम्परित संस्कृति आदिकालदेखि परिष्कार र परिमार्जन हुँदै समुदायमा स्थापित हुन्छ । परम्परित संस्कृति पनि भौतिक र आत्मिक गरी दुई प्रकारका हुन्छन् । मान्छेले आजसम्म गरेका उत्पादन, आविष्कार र निर्माणका पक्षहरूलाई भौतिक संस्कृतिअन्तर्गत राख्न सकिन्छ भने जीवनशैली र संस्कारमा देखिने वा प्रकट हुने आस्था, विश्वास र व्यवहाहरू आत्मिक संस्कृतिअन्तर्गत पर्दछन् । कतिपय चाडबाड, व्रतपर्व, उत्सवजात्रा, मेलासँग सम्बन्धित पौराणिक, ऐतिहासिक, धार्मिक र सामाजिक अङ्गका प्रस्फुरणहरू तथा कतिपय लोकविश्वास, लोकधारणा र लोकमान्यताहरू पनि यसमा छरिएका हुन्छन् । यहाँ पारम्परिक संस्कृतिअन्तर्गत आर्यसंस्कृति, जनजातीय संस्कृति र दलित संस्कृतिलाई कविताको अध्ययन गर्ने सूचकका रूपमा प्रयोग गरिएको छ । उत्तरवर्ती नेपाली कविताका अन्य विभिन्न पक्षमा अध्ययन भए पनि परम्परित संस्कृतिकपरक अन्तर्विषयकताका कोणबाट अध्ययन नभएको र त्यसै रिक्तताको पूर्तिका लागि यो अध्ययन गरिएको हो ।

## शोधविधि

प्रस्तुत अनुसन्धानमूलक लेख साहित्यविषयक भएकाले गुणात्मक प्रकृतिको रहेको छ र यस अनुसन्धानका निर्धारित उद्देश्यहरू पूरा गर्नका लागि पुस्तकालय कार्यबाट सामग्री सङ्कलन गरिएको छ । यसका लागि परम्परित संस्कृतिपरक अन्तर्विषयकता अभिव्यञ्जित उत्तरवर्ती नेपाली कविहरूका कवितालाई प्राथमिक सामग्रीका रूपमा र अन्तर्विषयकताको सिद्धान्त तथा परम्परित संस्कृतिका अवधारणाका रूपमा रहेका आर्यसंस्कृति, जनजातीय संस्कृति र दलितसंस्कृतिसँग सम्बद्ध सामग्रीहरूलाई द्वितीयक सामग्रीका रूपमा उपयोग गरी पाठमा आधारित विषयको विश्लेषण गरिएको छ । यसरी प्राथमिक स्रोतबाट तथ्याङ्कहरूको सङ्कलन गर्दा यसमा सोद्देश्यमूलक नमुना छनोट विधि अवलम्बन गरिएको छ । सङ्कलित सामग्रीहरूबाट प्राप्त तथ्याङ्कहरूको अध्ययन, विश्लेषण र मूल्याङ्कन गरी अध्ययनको सामान्यीकृत निष्कर्षसम्म पुग्नका लागि प्राथमिक र द्वितीयक दुवैप्रकारका सामग्रीहरूको समुचित प्रयोग

गरी उत्तरवर्ती नेपाली कवितामा अभिव्यञ्जित परम्परित संस्कृतिसम्बद्ध विभिन्न पक्षहरूको विश्लेषण र निरूपण गर्न अन्तर्विषयकताका सैद्धान्तिक मान्यताभित्र रही त्यसैका आधारमा अवधारणात्मक ढाँचा निर्माण गरी चयनित कविताको विश्लेषण गरिएको छ ।

संस्कृति मानव समुदायमा एकपुस्ताबाट अर्को पुस्तामा सर्दै जाने भएकाले यसलाई हस्तान्तरणीय वस्तुका रूपमा पनि लिइन्छ । कुनै समुदाय या जातिका लागि गर्व गर्नलायक बनेको संस्कृति कसैका लागि भने अपसंस्कृति पनि बन्न पुगेको हुन्छ । त्यसैले संस्कृतिलाई सामाजिक संरचना अनुसारको जीवनशैलीको सूचक मान्न (सुवेदी, २०७३, पृ.२०९-२१२) सकिने हुँदा संस्कृतिको व्याख्या-विश्लेषण पनि सापेक्ष रूपमा नै गरिनुपर्छ भन्ने मान्यता रहेको देखिन्छ र यही मान्यतालाई अवलम्बन गरी यहाँ उत्तरवर्ती नेपाली कवितामा परम्परित संस्कृतिपरक अन्तर्विषयकताका रूपमा आएका केही प्रतिनिधिमूलक कविताहरूको चयन गरिएको छ । परम्परित संस्कृतिलाई अन्तर्विषय बनाएर लेखिएको कवितामा मूलतः आर्यसंस्कृति, जनजातीय संस्कृति र दलित संस्कृति गरी तीनओटा पक्षको उपस्थिति रहेकाले यिनै पक्षहरूलाई परम्परित संस्कृतिको विश्लेषणको आधार मानी उत्तरवर्ती नेपाली कविताको विश्लेषण र मूल्याङ्कन गरिएको छ ।

## परम्परित संस्कृतिपरक अन्तर्विषयकताको सैद्धान्तिक पर्याधार

संस्कृत शब्दबाट आएको संस्कृति शब्दको अर्थ जे छ त्यो भन्दा पनि विशेष हुनु, उच्च हुनु वा परिस्कृत हुनु भन्ने हुन्छ । संस्कृति मानवसभ्यताको विकास र विस्तारसँगै परिष्कृत हुँदै जाने कुरा हो । खासगरी प्रकृतिको नैसर्गिक स्वभावमा मानवको कुशल आचरणद्वारा कला, सिप र सौखद्वारा परिस्कृत, परिशोधन र परिमार्जन गरिनु संस्कृति हो (सुवेदी, २०७३, पृ. २०१) । यसर्थ संस्कृति मानवसमुदायको पहिचानको आधार हो र मानवसभ्यताको इतिहास पनि हो । संस्कृतिको अर्थ पूर्वीय चिन्तनमा परिमार्जन, परिष्कार, शुद्धीकरण गरिने कार्यका रूपमा लिइन्छ । संस्कृति शब्दले सामान्यतया समूह वा राष्ट्रमा प्रचलित संस्कार, रीतिरिवाज, आचारविचार, सम्बद्ध समूह वा जातिका कलाकौशल, धर्म, विश्वास, साहित्य अनि कुनै वस्तुलाई परिष्कृत रूप दिने काम आदिलाई बुझाए पनि मार्क्सवादी अवधारणामा कुनै समाजको राजनीति र अर्थव्यवस्थाको विचारधारात्मक प्रतिबिम्बलाई संस्कृति भनिन्छ (पाण्डेय, २०७०, पृ. १७३) । समयको अनन्त प्रवाहमा मानवसभ्यताले क्रमशः निर्माण, परिमार्जन र शुद्धीकरण गर्दै ल्याएका मानवीय आचार, विधिव्यवहार र जीवनशैलीसमेतको अर्थ बुझाउने सन्दर्भहरू संस्कृति शब्दको परिधिभित्र समाहित भएका हुन्छन् । यसरी हेर्दा मानवसमुदायका प्राकृतिक गुण र स्वभावमा, शिष्टाचार आचार व्यवहारमा आउने परिष्कृत तथा परिमार्जित पक्षहरूको अभिव्यक्तिलाई पनि संस्कृतिकै रूपमा लिन सकिन्छ । भूगोल, भाषा, जात, धर्म आदि पक्षहरूले गर्दा विविध किसिमको हुनेभएकाले संस्कृति जटिल प्रकृतिको हुन्छ । नयाँ मूल्यहरूको आविष्कार, समाजको सङ्गठन, समाजको व्यवस्थापन, धार्मिक शैलीको स्थापना आदि कार्यमा भूमिका खेल्ने महत्त्वपूर्ण तत्त्व नै संस्कृति हो । संस्कृतिले आफूलाई सधैं गतिशील बनाइराख्छ । त्यसैले संस्कृति अन्य विषयजस्तै मानवसमाज र सभ्यताको गतिशील तत्त्व हो । पछिल्लो समय संस्कृतिको अध्ययनलाई सांस्कृतिक अध्ययनको सैद्धान्तिक स्वरूपबाट पनि अध्ययन विश्लेषण गरिन्छ । बिसौं शताब्दीको अन्त्यमा सांस्कृतिक अध्ययनको प्रारम्भपछि संस्कृतिलाई सत्तासम्बन्ध, राजनीति, जीवनशैली तथा जीवनपद्धतिका रूपमा व्याख्या गर्ने परम्पराको थालनी भए पनि (भटराई, २०७८, पृ. २) साहित्यमा

अन्तर्विषयकताका रूपमा प्रयोग हुन आएको सांस्कृतिक पक्षलाई संस्कृतिपरक अध्ययनका रूपमा पनि अध्ययन विश्लेषण गरिन्छ ।

उत्तरवर्ती नेपाली कवितामा नवीन विषय र चिन्तनहरू व्यापक रूपमा प्रयोग हुँदैगइरहेका छन् । कवितामा प्रयोग भएका नवीन विषय र ज्ञानविज्ञानका विभिन्न क्षेत्रको विद्यमानता नै कवितामा प्रयुक्त अन्तर्विषयकता हो । उत्तरवर्ती कविहरूमा रहेको बहुविषयक ज्ञान र त्यसप्रतिको चेतना कवितामा पनि प्रकट भएको हुँदा उत्तरवर्ती कवितामा अन्तर्विषयकताको प्रयोग प्रभावकारी रूपमा भएको छ । मूलतः २०४६ पछिको राजनीतिक परिवर्तनसँगै उत्तरवर्ती नेपाली कवितामा अन्तर्विषयकताले क्रमशः प्रवेश पाउँदैजान थालेको हो । कुनै पनि व्यक्ति, समाज वा राष्ट्रको आफ्नै संस्कृति हुन्छ । त्यसैले साहित्यिक रचनामा पनि परोक्ष तथा अपरोक्ष रूपमा संस्कृतिको प्रयोग भएको हुन्छ । यसरी साहित्यमा प्रयोग भएका सांस्कृतिक पक्षको अध्ययन वा पठन गर्नुलाई नै संस्कृतिपरक अन्तर्विषयक पठन भनिन्छ । उत्तरवर्ती कवितामा सांस्कृतिक विषयको प्रयोग विभिन्न किसिमबाट भएको छ । परम्परित संस्कृतिपरक अध्ययनका लागि उत्तरवर्ती नेपाली प्रतिनिधिमूलक कविताहरूको चयन गरिएको छ र तिनलाई परम्परित संस्कृतिपरक अध्ययनका विभिन्न सूचकहरूलाई आधार बनाई विश्लेषण गरिएको छ ।

## उत्तरवर्ती नेपाली कवितामा परम्परित संस्कृति

मानिसले प्रत्यक्ष वा अप्रत्यक्ष जुनसुकै रूपमा पनि परम्परित संस्कृतिलाई आत्मसात् गरिरहेको हुन्छ । यस्ता परम्परित संस्कृतिको प्रभाव मान्छेको जीवन, उसको सोच, चिन्तन र व्यवहारमा कहीँ न कही परिरहेकै हुन्छ । त्यसैले कविको मनभित्र पनि चेतन वा अवचेतनरूपमा रूपमा आफ्ना परम्परित मौलिक संस्कृतिको प्रभाव परेको हुन्छ । कविको मनमा परेको संस्कृतिको प्रभाव वा चेतना कविताको विषय बनाएर लेखिएपछि नै कवितामा संस्कृतिपरक अन्तर्विषयकताको प्रयोग हुन्छ । यस्ता परम्परित संस्कृतिहरू फरकफरक जात र समुदायको फरकफरक नै हुन्छन् । उत्तरवर्ती नेपाली कवितामा आर्य, जनजातीय र दलितसंस्कृति अन्तर्विषयका रूपमा प्रयोग भएको पाइन्छ । यस्ता परम्परित मौलिक संस्कृतिहरूलाई विषय बनाएर लेखिएका कविताहरूले तत्तत् जाति तथा जनजातिका मौलिक लोकसंस्कार, आचारविचार, विधिव्यवहार, पर्व, रीतिरिवाज आदिलाई अभिव्यञ्जित गरेका हुन्छन् । जातीय मिथक, आद्यरूप र बिम्बबहरूबाट जातीय तथा जनजातीय संस्कृति जीवन्त बनेको छ । उत्तरवर्ती नेपाली कवितामा परम्परित संस्कृतिलाई अभिव्यक्त गर्नका लागि सांस्कृतिक मिथक र बिम्बबहरूको प्रभावकारी प्रयोग भएको पाइन्छ । यहाँ परम्परित संस्कृतिका सूचकका रूपमा आएका आर्यसंस्कृति, जनजातीय संस्कृति र दलित संस्कृतिका आधारमा उत्तरवर्ती नेपाली कवितामा प्रयुक्त परम्परित संस्कृतिपरक अन्तर्विषयकताको अध्ययन तथा विश्लेषण गरिएको छ ।

### आर्यसंस्कृति

उत्तरवर्ती नेपाली कवितामा प्रयोग भएका संस्कृतिका विविध पक्षहरूमध्ये सबैभन्दा प्रभावकारी रूपमा आर्यसंस्कृति सम्बद्ध विषयहरू बढी प्रयोग भएको पाइन्छ । नेपाली कविता क्षेत्रमा यही धर्म, जाति, भाषा र संस्कृतिलाई अवलम्बन गर्ने कविहरूको सङ्ख्या बढी भएकाले पनि यस विषयमा लेखिएका कविताहरू तुलनात्मक रूपमा प्रशस्त छन् । आर्यहरूले संस्कार र जीवनशैलीका रूपमा चलाउँदैआएका प्रथा, चालचलन, विश्वास, धर्म, मूल्य, संस्कार, धारणा, कर्मकाण्ड, अनुष्ठान, परिपाटी, लोकाचार, सदाचार,

कानुन, अधिनियम, साहित्य, कला, सङ्गीत, लोकगाथा, सूत्र, वैज्ञानिक सत्य, अन्धविश्वास, धार्मिक विश्वास आदि नै खस-आर्यसंस्कृति अन्तर्गत पर्दछन् (गिरी, २०६९, पृ. ११) । परम्परादेखि नै चलनचल्तीका रूपमा मानिदैआएको र समाजले व्यापक रूपमा अवलम्बन गरेको संस्कृतिलाई पारम्परिक संस्कृति भनिन्छ । उत्तरवर्ती नेपाली कविहरूका कवितामा पनि परम्परित संस्कृतिको प्रभाव व्यापक रूपमा परेको देखिन्छ । उत्तरवर्ती नेपाली कवितामा परम्परित संस्कृतिको प्रभाव सकारात्मक र गर्वका रूपमा मात्र नभई नकारात्मक र आलोचनाका रूपमा समेत अभिव्यक्त भएका छन् । तीमध्ये यहाँ केही प्रतिनिधिमूलक कविताहरूलाई मात्र साक्ष्यका रूपमा चयन गरिएको छ र तीमध्ये एउटा कवितांश यसप्रकार छ :

बेसी खेतमा साइँलीले हिलो छेप्दै भनी
आज मैलो पारेको लुगा जीवनभरि धोइदिउँला नि
दाइँ सकेर मुरी धोक्रो बोकेर म उकालो लाग्दैगर्दा
उसलाई लिन टाढाबाट जन्ती आइरहेका थिए
रातोमाटोको ढिस्कोमा धोक्रो बिसाएर हेरिरहेँ
मेरो शिरको नाम्लोभन्दा ठूलो थियो बेहुलाको गलाको माला !

(नवराज लम्साल, 'मायाको शृङ्खला', *क्रमशः एक्लै-एक्लै,* पृ. १०१)

प्रस्तुत कवितांशमा लोकसंस्कृतिका साथै पारम्परिक संस्कृतिसमेत आएको छ र कविले आफ्नी प्रेमिका साइँलीलाई सम्झँदै स्मृतिबिम्ब प्रस्तुत गर्ने क्रममा पारम्परिक संस्कृतिअन्तर्गतको आर्यसंस्कृतिको सन्दर्भलाई समेत बिम्बात्मक रूपमा प्रस्तुत गरिएको छ । बेसी खेतमा साइँलीले जिस्किँदै हिलो छेप्नु, जीवनभरि तिम्रा मैला लुगा धोइदिन्छु भन्नु, दाइँ सक्नु, मुरी धानको धोक्रो बोकेर उकालो लाग्नु, साइँली अर्थात् प्रेमिकालाई लिन टाढाबाट जन्ती आउनु, रातोमाटोको ढिस्कोमा धोक्रो बिसाएर हेरिरहनु, आफ्नो शिरको नाम्लोभन्दा बेहुलाको गलाको माला ठूलो देख्नुजस्ता सन्दर्भ र यहाँ प्रयोग भएका बिम्बहरूले पारम्परिक संस्कृति र लोकसंस्कृतिको चित्रण गरेका छन् । खासगरी साइँलीको बिहे छिन्नु, दुलही लिन जन्ती आउनु, दुलाहाले ठूलो माला लाउनुजस्ता कवितामा आएका सन्दर्भहरूले आर्यजातिको पारम्परिक संस्कृतिलाई स्पष्टसँग प्रस्तुत गरिएकाले यहाँ परम्परित संस्कृति नै कविताको विषय बनेर आएको छ । यस्तै आर्यसमुदायमा चल्दैआएको विवाहको विधि र परम्पराको चित्रण गरी भावलाई उत्कर्षमा पुऱ्याइएको हुँदा प्रस्तुत कवितांशमा आर्यजातिको पारम्परिक संस्कृति नै कवितामा संस्कृतिपरक अन्तर्विषयकताका रूपमा आएको छ र यसले कवितालाई वैचारिक रूपमा सबल बनाएको छ । यस्तै आर्यजातिको परम्परित संस्कृतिलाई विषयवस्तु बनाई लेखिएको अर्को एउटा कविताको अंश यसप्रकार छ :

मेरा खुट्टाका लागि निहुरिएको तिनको शिर
सफा निधारमा मैले पोतेको सिन्दुरको धब्बा
प्रेमको बदलामा बितेका रङ्गीन रातहरू
रथको एकपाङ्ग्रो भएर आजसम्म गुडेका साथहरू
यी सबै मेरा पीडाहरू हुन् ।

(श्रीशीशा राई, अर्धाङ्गिनी पीडाहरू, *चेतनाहरू चबाएर,* पृ. ९२)

प्रस्तुत कवितांशमा दाम्पत्य जीवनका दुःखसुख र संवेदनाहरूलाई प्रस्तुत गर्ने क्रममा आर्यहरूको पारम्परिक संस्कृतिको प्रयोग भएको छ । यहाँ पुरुष समाख्याताले भनेको 'मेरा खुट्टाका लागि निहुरिएको तिनको शिर' र 'सफा निधारमा मैले पोतेको सिन्दुरको धब्बा' पदावलीमा प्रयुक्त सन्दर्भले आर्यसंस्कृतिमा विवाह भइसकेपछि श्रीमतीले श्रीमान्‌को गोडामा शिर राखेर ढोग्नुपर्ने चलन परम्परित संस्कृति हो र यही संस्कृतिलाई कविताको केन्द्र बनाइएकाले यहाँ परम्परित आर्यसंस्कृति नै कवितामा अन्तर्विषयकता बनेर आएको छ । यस कवितांशमा बेहुलीको निधार र सिउँदोमा बेहुलाले सिन्दुर लगाइदिएपछि र गलामा पोते लगाइदिइसकेपछि मात्र उनीहरू जीवनभर श्रीमान्-श्रीमतीको सम्बन्धमा बाँधिने परम्परित सांस्कृतिक प्रक्रियालाई बिम्बका रूपमा देखाइएको छ । साथै विवाहपश्चात् आफू जीवनरूपी रथको एउटा मात्र पाङ्ग्रो भएको र दुईजनाको संयुक्त जीवनमा परेका सम्पूर्ण खुसी र पीडाको हकदार आफू पनि रहेको सन्दर्भले यहाँ वैवाहिक सम्बन्धसँग सम्बद्ध पारम्परिक संस्कृतिलाई प्रतिबिम्बित गरेको छ । यसरी विवाहको पारम्परिक संस्कार र संस्कृतिलाई प्रस्तुत गरिएको हुनाले माथिको कवितांशमा संस्कृतिपरक अन्तर्विषयकताको प्रयोग भएको छ । यस्तै सन्दर्भ प्रस्तुत गरिएको अर्को कवितांश यसप्रकार छ :

अब अर्धाङ्गिनीले चुरा फुटाउनुपर्दैन
सिन्दुर पखालेर पोते चुँडाल्नुपर्दैन
कोरा बस्नुपर्दैन
सेतो पहिरनले मलाई
भतभती पोल्छ, लगाउनुपर्दैन
छोरीहरूले खल्को हाल्नुपर्दैन
छोराहरूले दागबत्ती दिनुपर्दैन
जिउँदैमा मैले मलाई दागबत्ती दिइसकेको छु ।

(वियोगी बुढाथोकी, मृत्युउत्सव, *फर्किएँ,* पृ. १६)

प्रस्तुत कवितांशमा आर्यहरूको मृत्युसंस्कारको सन्दर्भ प्रस्तुत गरिएकाले पारम्परिक संस्कृति कविताका अन्तर्विषय बनेर आएको छ । आर्यपरम्पराअनुसार कुनै गृहस्थ मान्छेको मृत्युपश्चात् उसकी श्रीमतीलगायत छोराछोरीले गर्ने मृत्युसंस्कारका आफ्नै मौलिक क्रियाकर्महरू हुन्छन् । यस कवितांशमा अर्यसंस्कृतिलाई प्रतिबिम्बन गरिएको छ । यस सन्दर्भमा कविले आफू मरेर गएपछि अब अर्धाङ्गिनी अर्थात् श्रीमतीले चुरा फुटाउनु नपर्ने, सिन्दुर पखालेर पोते चुँडाल्नु नपर्ने, कोरा बस्नु पनि नपर्ने बताउँदै आफ्ना नाममा श्रीमतीले लगाएको सेतो पहिरनले आफूलाई भतभती पोल्नेभएकाले सेतो पहिरन पनि लगाउनु नपर्ने कुरा उल्लेख गरेका छन् । यसैगरी जिउँदैमा आफूले आफैँलाई दागबत्ती दिइसकेकाले अब हुने मृत्युमा छोरीहरूले पनि खल्को हाल्नु नपर्ने, छोराहरूले दागबत्ती दिनु नपर्ने कुरा बताउँदै संस्कृतिप्रति भन्दा पनि विश्वास र भरोसाप्रति कविले जोड दिएका छन् । यसरी यस कवितांशमा प्रयोग भएका चुरा फुटाउनु, सिन्दुर पखाल्नु, पोते चुँडाल्नु, कोरा बस्नु, सेतो पहिरन, खल्को हाल्नु, दागबत्ती दिनुजस्ता पदपदावलीहरूले दिने अर्थ र तिनले बोकेको संस्कार नै आर्यजातिको पारम्परिक संस्कृति हो र यसरी उहाँ कवितांशमा पारम्परिक संस्कृति अन्तर्विषयका रूपमा प्रयोग भएको छ ।

जनजातीय संस्कृति

उत्तरवर्ती नेपाली कवितामा अन्तर्विषयका रूपमा प्रयोग भएका संस्कृतिपरक विषयहरूमा जनजातीय संस्कृतिका विविध पक्षहरूको प्रयोग महत्त्वपूर्ण देखिन्छ । खास गरी पछिल्लो समय लेखिएका पहिचानवादी कविताहरूमा जनजातीय संस्कृति अझ बढी प्रभावकारी विषय बनेर आएका छन् । आफ्नै जातीय भाषा, धर्म, संस्कृति, परम्परा, रीतिरिवाज भएका जातिलाई सामान्य रूपमा जनजाति भनिन्छ भने उनीहरूले अपनाउने जीवनशैली, व्यवहार र परम्परित मौलिक चालचलनलाई जनजातीय संस्कृति भनिन्छ । उनीहरूको जीविका, जीवनशैली भेषभूषा आदिमा पनि पृथक्ता र निजत्व हुन्छ । यसरी राज्य वा केन्द्रद्वारा मूलप्रवाहमा नल्याइएका र सीमान्तीकृत आदिवासी जनजातिले युगौँदेखि जोगाउँदै ल्याएको आफ्नो मौलिक संस्कृति नै जनजातीय संस्कृति हो (अधिकारी, २०७९, पृ. ४९) । कुनै पनि जातिविशेषका परम्परा, लोकविश्वास, चालचलन र धर्मसंस्कारका सन्दर्भ र बिम्बहरूको प्रयोग भएका कवितामा जातीय संस्कृतिको प्रयोग गरिएको हुन्छ । जातीय संस्कृति परम्परित रूपमा विकसित भएको संस्कृति हो । यसले निश्चित जात र समुदायको संस्कार, लोकविश्वास र जीवनशैलीलाई प्रतिबिम्बन गरेको हुन्छ । उत्तरवर्ती कविहरूले आफ्ना पुर्खा र तिनले जोगाएका संस्कृतिप्रति सम्मान गर्ने क्रममा होस् या विभिन्न मिथकहरूको प्रयोगका रूपमा होस् या जातीय जीवनशैलीको यथार्थ प्रस्तुत गर्ने क्रममा होस् जातीय संस्कृतिका सन्दर्भहरू ल्याएका छन् । यस्ता जनजातीय संस्कृतिका सन्दर्भहरू प्रयोग भएका कवितामध्ये केही प्रतिनिधिमूलक कविताका अंशहरूलाई साक्ष्यका रूपमा प्रस्तुत गरी तल क्रमैसँग विश्लेषण गरिन्छ :

म भिर्छु काँधमा धनुकाण
मट्याङ्ग्रा बोक तिमी
शिकार खेलेर बँदेलको
सेकुवा पोली खाऔ ढुङ्गाको ताप्केमा
तिम्रो हातले छानेको तीनपाने रक्सी स्वाट्टै पारेर
मेन्छ्यायेम डाँडाको टुप्पोमा निस्कूँ
परपरसम्म फैलिएको पृथ्वीमा फैलिएर दृष्टिभरि
तुत्तुतुम्याङ, सावा येत्हाङ साक्षी राखेर
प्रेमको तङ्सिङ गरौँ
मायाको मागेन्ना उठाऔँ ।

(पराजित पोमु, नायुमा, *मद्वारा मेरो निर्माण,* पृ. ६८)

प्रस्तुत कवितांशमा किरात जातिको मौलिक संस्कृतिको चित्रण गरिएको छ । आफ्नो जातिको प्राकृतिक तथा मौलिक संस्कृतिप्रति गर्व गरिएको यस कवितांशमा कृत्रिम र देखावटी जीवन बाँचिरहेको आजको मान्छेलाई फेरि पनि पुर्खाहरूले बाँच्ने प्राकृतिक जीवन बाँच्न आग्रह गरेका छन् । यसै क्रममा कविले अब आफूले काँधमा धनुकाण बोक्ने र तिमी पात्रलाई मट्याङ्ग्रा बोक भनिएको छ । साथै यहाँ एकपटक आफ्नो आदिम संस्कृतिलाई अपनाएर बाँचौं शिकार खेलेर बँदेलको सेकुवा पोली खाऔ भन्दै आफ्नो समुदायलाई आह्वान गरिएको छ । यस कवितांशमा आफ्नो पुर्खाहरूले जस्तै आफूलाई पनि ढुङ्गाको ताप्केमा तिम्रो हातले छानेको तीनपाने रक्सी स्वाट्टै पारेर मेन्छ्यायेम डाँडाको टुप्पोमा निस्कन

रहर भएको र परपरसम्म फैलिएको पृथ्वीमा फैलिएर, दृष्टिभरि तुत्तुतुम्याङ, सावा येत्हाङ साक्षी राखेर प्रेमको तङ्सिङ गर्न र मायाको मागेन्ना उठाउने चाहना राखेको कुरा यहाँ व्यक्त गरिएको छ । यसरी किरात जातिको पारम्परिक संस्कृतिको चित्रण र गर्व गरी यसैलाई विषयवस्तु बनाएर लेखिएकोले यस कवितांशमा संस्कृतिपरक अन्तर्विषकता अभिव्यञ्जित छ । यस्तै विषयको प्रयोग भएको अर्को कवितांश यसप्रकार छ :

त्यै ठाँटी-चौतारालाई ढोग्नुपर्दछ
त्यै ठाँटी-चौतारालाई पुज्नुपर्दछ
बेस्सरी पुज्नुपर्दछ
ढुकढुकीबाट ब्यूँझाएर मुन्दुम
एक टुक्रा अदुवा
एक चिण्डो जाँड
र एकमुठी अक्षताले पुज्नुपर्दछ
सधैं-सधैं पुजिरहनुपर्दछ ।

(देवेन्द्र खेरेस, अक्षर ढुङ्गा र मुन्दुम अनुष्ठान, *रुङ्रीको बयान र नदीको किनारा,* पृ. ३६)

माथिको कवितांशमा पनि मुन्दुम संस्कृतिप्रति गर्व गरिएको छ र यहाँ किराती संस्कृतिको विशेषता बताउँदै उनीहरू प्रकृतिपूजक हुन् भन्दै प्रकृतिलाई नै ईश्वर मान्ने र प्रकृतिको पूजा गर्ने आफूहरूले ठाँटी-चौतारालाई ढोग्नुपर्दछ र त्यही ठाँटी-चौतारालाई पुज्नुपर्दछ र बेस्सरी पुज्नुपर्दछ भन्ने आशय यहाँ व्यक्त गरिएको छ । यस कवितांशमा मुन्दुम संस्कृति मान्ने हरेकले मुन्दुमलाई आफ्नो ढुकढुकीबाट ब्युँझाएर एक टुक्रा अदुवा र एक चिण्डो जाँड र एकमुठी अक्षताले पुज्नुपर्दछ र सधैंसधैं पुजिरहनुपर्दछ भन्ने भाव व्यक्त गरिएको छ । यस कवितामा प्रयोग भएको मुन्दुम, एक टुक्रा अदुवा, एक चिण्डो जाँड, एकमुठी अक्षताजस्ता शब्द र पदावलीले किरातहरूको पारम्परिक संस्कृति र संस्कारलाई प्रतिबिम्बित गरेका छन् । यसरी आफ्नो संस्कृति, संस्कार, पुर्खा र पुर्खाको विरासतप्रति गर्व गरिएको यस कवितांशमा पारम्परिक जनजातीय संस्कृतिलाई विषयवस्तु बनाएर लेखिएकाले यहाँ संस्कृतिपरक अन्तर्विषयकताको प्रयोग गरिएको छ । यस्तै प्रकारको अन्तर्विषयकताको प्रयोग गरिएको अर्को कवितांश यसप्रकार छ :

कुन सङ्केत दिएर वा लिएर
मेरा चिन्तन र चेतना बुझ भनौं ।
तिमी कोदाको कपनी भित्रै
मातेर घुकुती खेल्छौ
खूमित्को झाङ्मा भाङको माड जमाउँछौ ।
भो है ठाइँला
उधौली र उभौलीमा त नमातिदेऊ
जाली रुमाल भिरेर
हरियो स्याउला लाछेर

जीस भ्रुक्रुमभ्रुक्रुम र
सोईढोले सोइले मात्रै
तिम्रो संस्कार र संस्कृति बाँचेको नसम्भ ।
(केदार सङ्केत, भो है ठाइँला, *सङ्केतका कविताहरू*, पृ. ३६)

जनजातिहरूको मौलिक संस्कृतिलाई संरक्षण संवर्द्धन गर्नुपर्ने आशय प्रस्तुत कवितांशमा व्यक्त भएको छ र संस्कृतिका नाममा जनजातिहरूले अपनाउनेगरेका कमीकमजोरीलाई सङ्केत गर्दै प्रत्येक जातिहरूमा आफ्नो जातीय मूल्य र परम्पराप्रति सचेतना आउनुपर्ने कुरा पनि व्यक्त गरिएको छ । साथै यस कवितांशमा व्यक्त गरिएको 'कुन सङ्केत दिएर वा लिएर मेरा चिन्तन र चेतना बुझ भनौं' भन्ने वाक्यांशले जनजातिहरू स्वयम् नै आफ्नो जातीय संस्कार र संस्कृतिप्रति सचेत नभएको र यसको महत्तालाई बुझ्न नसकेकोप्रति चिन्ता व्यक्त गरिएको छ । आफ्ना जनजाति समुदायलाई 'तिमी' भनेर सम्बोधन गरिएको यस कवितांशमा कोदाको कपनीभित्रै मातेर घुकुती खेल्ने र खूमित्को झाङ्मा भाङको माड जमाउन मात्र सिपालु तिमीहरू जाँडको मातमा नै मातेर सबैकुरा गुमाउँदैगयौ भनेर सम्झाइएको छ । उँधौली र उँभौलीमा त नमातिदेऊ भन्दै ठाइँलालाई अनुरोध गरिएको यस कवितांशका केवल संस्कृतिका नाममा जाली रुमाल भिरेर हरियो स्याउला लाछेर मात्र संस्कृतिलाई जोगाउन नसकिने अनि सोईढोले सोइले मात्रै पनि आफ्नो संस्कार र संस्कृति बाँचेको नसम्झनका लागि कविले यस कविताका माध्यमबाट आग्रह गरेका छन् । यसरी जनजाति संस्कृतिको मौलिकता बचाउन र यसलाई अन्य संस्कृतिको प्रभावबाट बचाएर आउने भावी पुस्ताहरूमा हस्तान्तरण गर्नका लागि पनि आफ्नो जनजाति संस्कृतिमाथि गहिरो चिन्तन र सचेतना हुनुपर्ने कुरा व्यक्त गरिएको छ । यसरी जनजाति संस्कृतिको सन्दर्भ प्रस्तुत गरिएको यस कवितांशमा संस्कृतिपरक अन्तर्विषयकता प्रयोग भएको छ ।

### दलित-संस्कृति

सामान्यतया दलित शब्दलाई विभिन्न अर्थमा उपयोग गरिएको पाइन्छ र पनि दलित शब्दले पीडित, शोषित, दबाइएको केही अधिकारबाट वञ्चित गरिएको जाति भन्ने बुझिन्छ । नेपाली समाजका सन्दर्भमा परम्परादेखि लोकसमाजले 'पानी नचल्ने जात' भनी जातीय विभेद गर्दैआएको जाति नै दलित जाति हो र उनीहरूले जीवन निर्वाह गर्ने क्रममा अपनाएका पेसा, आचार, विचार र जीवनशैली नै दलित संस्कृति हो । भूगोलअनुसार नेपालका विभिन्न क्षेत्रमा विभिन्न जातका दलितहरू छन् । ती सबै दलित मूलतः छुवाछुतका दृष्टिले दलनमा परेका छन् । पहाडी क्षेत्रका कथित कामी, दमाई, सार्की, गाइने आदि र तराई क्षेत्रका मुसहर, चमार, बादी आदि विभिन्न जातिहरू यसै दलित जातिभित्र समाहित हुन्छन् । पेसाका दृष्टिले तिनका विभिन्न परम्परित पेसाहरू छन् । जातीय छुवाछुतका कारण दलनमा पर्न बाध्य भएको अवस्थाप्रतिका प्रतिरोधी स्वरहरू बाहिर आएका छन् र आफ्नो संस्कृतिप्रति गर्व गरी लेखिएका विषयसन्दर्भहरू उत्तरवर्ती नेपाली कवितामा अभिव्यक्त भएका छन् (अधिकारी, २०७८, पृ. ५१) । समग्रमा दलित समुदायले आफ्नो मौलिक संस्कृतिका रूपमा मान्दैआएको संस्कृतिको आफ्नै विशेष सौन्दर्य छ र विशिष्टता छ यही सौन्दर्यप्रति गर्व गरेर प्रतिरोधी संस्कृतिका रूपमा व्याख्या गरिएको संस्कृति नै दलित संस्कृति हो । आफ्नो समुदायका मौलिक संस्कार र संस्कृतिमाथि सम्मानभाव व्यक्त गर्दै यसप्रकारका विषयको प्रयोग गरी लेखिएका केही प्रतिनिधिमूलक कविताका अंशहरूलाई तल क्रमैसँग विश्लेषण गरिएको छ :

मेरो हात भाँचियो
अब म हजुरका भारदारहरूलाई
लबेदा सिउन सक्तिनँ
नर्सिङ्गा फुक्न, सनई बजाउन
अथवा कुनै मङ्गलगान
वा ॠतुगीत गाउन सक्दिनँ
मेरो खुट्टा भाँचियो
अब म हजुरको राज्यको पहरा गर्न सक्तिनँ
मेरो दिमागै ठीकमा छैन
अब म ठिक्कले बोल्नै सक्दिनँ
मालिक म बहुलाएँ ।

(श्रवण मुकारुङ, बिसे नगर्चीको बयान, *बिसे नगर्चीको बयान,* पृ. ४)

प्रस्तुत कवितांशमा पृथ्वीनारायण शाह र बिसे नगर्चीको ऐतिहासिक परिवेशका सन्दर्भको माध्यमबाट दलित जनजातीय पहिचानलाई केन्द्रीय विषय बनाइएको छ । बिसे नगर्ची जातीय रूपमा दलित भनिएको दमाईं जाति हो र कपडा सिलाउनु, नर्सिङ्गा फुक्नु, पर्व आदि विभिन्न सन्दर्भमा मङ्गलगान र ॠतुगीत गाउनु उसका कर्म वा पेसा हुन् । यी परम्परित कर्म वा पेसाहरू दलित दमाईं जातिका मात्र निजी पहिचान हुन् ? भन्ने प्रश्न पनि यहाँ देखिएको छ । आफ्ना यस्ता परम्परित पेसाबाट अलग भएर आफ्नो पृथक् पहिचान उसले मागेको कुरा पनि यहाँ व्यक्त भएको छ । समाख्याता 'म' का रूपमा आएको बिसे नगर्चीको आत्मकथनमा अभिव्यक्त माथिका निषेधात्मक क्रियाले उसभित्रका विद्रोहात्मक चेतलाई अभिव्यञ्जित गरेको देखिन्छ । उसले अब म हजुरका भारदारहरूलाई लबेदा सिउन सक्तिनँ भन्नु, नर्सिङ्गा फुक्न, सनई बजाउन र मङ्गलगीत वा ॠतुगीत गाउन सक्तिनँ भन्नु उसभित्रको दमित चेतनाको उदात्तीकरण र विद्रोहको स्वर हो । यस विद्रोहमा दलितको पेशागत र जातिगत संस्कृतिमाथि विश्वास र सम्मान झल्केको छ र यहाँ दलित संस्कृतिमाथि परोक्ष रूपमा गर्व गरिएको छ । यसरी आफूले परापूर्व अपनाउँदैआएको पेसा र यसले राज्य र आम मानिसलाई विशेष अवस्थामा साथ र सहयोग गर्दैआएको सन्दर्भप्रति गर्वको अनुभूति गरिएकाले यहाँ दलित संस्कृति कविताको अन्तर्विषय बनेर आएको छ र यसले कवितामा दलित संस्कृतिको सौन्दर्यलाई प्रभावकारी बनाएको छ । यस्तै विषय प्रयोग भएको अर्को कवितांश यसप्रकार छ :

सारङ्गीमा रेटिएर
नौमतीमा गुन्जिएर
तिम्रा शुभसाइत र मनोरञ्जनका लागि
मङ्गल धून‌हरू बजाइरहेँ
तिम्रो घरको जग खनेँ, गाह्रो उठाएँ
झ्याल ढोकामा बुट्टा बनाएँ
आफ्नै पसिनामा मुछेर

भित्ताहरूमा लिउन लगाएँ
तुलसी र सुनपानी छिर्क्यौ तिमीले
र घरलाई पवित्र बनाउने दुष्प्रयास गर्‍यौ
म निरीह हेराइ हेरिरहेँ ।

(पञ्चकुमारी परियार, लक्ष्मणरेखा, *जुठी,* पृ. १२)

प्रस्तुत कवितांशमा एकातिर दलित संस्कृतिको चित्रण गरिएको छ भने अर्कोतिर आफ्नो दलित संस्कृतिप्रति समाजले गरेको उपेक्षाभावलाई प्रस्तुत गरिएको छ । मानवसभ्यता र संस्कृतिको निरन्तर विकासयात्रामा दलितहरूको योगदान उल्लेखनीय रहेको छ । उनीहरूको सिपमूलक कर्मले प्रत्येक घरपरिवार र समाजमा सहजता र रौनक थपे पनि उनीहरूले आफ्नो श्रमले पाउनुपर्ने इज्ज्त र सम्मान पाउन नसकेकोप्रति दुःख व्यक्त गरिएको छ । एउटा निम्नवर्गको दलितले उच्चजात र उच्च वर्गको मानिसलाई 'तिमी' सम्बोधन गरी लेखिएको यस कवितांशमा कविले आमदलितहरू कहिले सारङ्गीमा रेटिएर, कहिले नौमतीमा गुन्जिएर अनि कहिले शुभसाइत र मनोरञ्जनका लागि मङ्गल धूनहरू बजाएर मैले शुभकार्यहरू गरेको सन्दर्भले यहाँ परम्परादेखि चल्दैआएको र नेपाली समाजमा आज पनि विद्यमान रहेको दलित संस्कृतिको महत्त्वलाई स्पष्ट पारेको छ । यसैगरी दलित संस्कृतिका रूपमा चल्दैआएको श्रम र सिपलाई प्रस्तुत गर्ने क्रममा यस कवितांशमा आफूले उसको घरको जग खनेर गाह्रो उठाउने झ्याल ढोकामा बुट्टा बनाएको आफ्नै पसिनामा मुछेर भित्ताहरूमा लिउन लगाएको र यति गर्दा पनि उनीहरूले दलितसंस्कृति माथि गर्व गर्नु र सम्मान गर्नु त परको कुरा उल्टै छोइयो भनेर तुलसी र सुनपानी छिर्कने र घरलाई पवित्र बनाउने नाउँमा गरिएका दुष्प्रयासहरूप्रति कटाक्ष गर्दै दलित संस्कृतिप्रति गर्व गरिएको छ । यस्तै सन्दर्भ प्रस्तुत गरिएको एउटा अर्को कविताको अंश यसप्रकार छ :

तिमी जन्मेपछि
तिम्रो नाल काट्न हतियार बनाएँ
छैठीको दिन बाजा बजाएँ
न्वारनमा मैले बनाएका गहनाको सुनपानीले
तिम्रो आमा चोखिइन् ।
पास्नीमा मैले थुकका छिटा लगाउँदै
सिलाइदिएको नयाँ चाचा लगाएर
मैले बनाएको ओदान अनि कसौंडीमा
एक माना चामल पकाई काँसको थालमा पस्किएर
तामाको अम्खोराबाट पानी पिलाएपछि नै
पहिलोपल्ट मुख पेटमा अन्न जल परेथ्यो...
भन बाबु कसरी म अछूत भएँ ?

(आर.बी. निश्चल, भन बाबु कसरी म अछूत भएँ, *पाइताला पुकार,* पृ. ३६)

प्रस्तुत कवितांशमा दलित संस्कृति र यसमाथि गरिएको विभेदजन्य व्यवहारलाई प्रस्तुत गरिएको छ । दलितहरू कर्मयोगी र इमान्दार हुन्छन् । उनीहरू कर्मशील हुन्छन् भन्ने आशय पनि यहाँ व्यक्त गरिएको छ । तथाकथित उपल्लो जातिको ठूलाबडाको छोरोलाई म कसरी अछुत भएँ भनेर प्रश्न गरिएको यस कवितांशमा 'तिमी जन्मेदेखि तिमीलाई आवश्यक पर्ने सम्पूर्ण सरसामान बनाइदिएर तिमीहरूको आवश्यकताहरू पूरा गरिदिने मलाई त सम्मान गर्नुपर्ने ठाउँमा कसरी अछुत भनेर अपमान गर्न सक्छौ' भन्ने प्रश्न गरिएको छ । साथै यहाँ तिमी पात्र जन्मेपछि आफूले उसको नाल काट्न हतियार बनाएको, छैठीको दिन खुसीले रमाउँदै बाजा बजाएको, न्वारनमा आफैँले बनाएका गहनाको सुनपानीले उसकी आमा चोखिएको र उसको पास्नीमा मैले थुकका छिटा लगाउँदै सिलाइदिएको नयाँ नाना र चाचा लगाएको र आफैले बनाएको ओदान र कसौडीमा पकाएको खाना खाएको र आफूले नै बनाएको तामाको अम्खोराबाट पानी पिएको पछिल्लो पुस्ताको नातिसरहको युवकले पनि आज आफैँलाई गरेको उपेक्षाबाट आहत भएको भाव यहाँ व्यक्त गरिएको छ । यसरी एउटा श्रमिक दलितले कथित उच्च वर्गमाथि गरिएको प्रश्न र असन्तुष्टि नै यस कवितांशको अन्तर्वस्तु हो । प्रस्तुत कवितांशमा हतियार, भाँडावर्तन बनाउनु, बाजा बजाउनु, गीत गाउनु, कपडा सिलाउनु, गरगहना बनाउनुजस्ता संस्कृति, कला, व्यवसाय आदिलाई आयआर्जन बनाउँदैआएका दलित संस्कृतिलाई प्रस्तुत गरिएको छ र यस संस्कृतिप्रति गर्व गर्दै यहाँ परम्परित संस्कृति अन्तर्विषय बनेर आएको छ ।

## निष्कर्ष

प्रस्तुत आलेख उत्तरवर्ती नेपाली कवितामा अन्तर्विषयकताका रूपमा प्रयुक्त परम्परित संस्कृतिको अध्ययनमा र खासमा आर्यसंस्कृति, जनजातीय संस्कृति र दलित संस्कृति गरी तीनवटा विषयपक्षहरू सबल भएर आएका देखिन्छन् । यहाँ आर्यसंस्कृतिलाई विषय बनाएर लेखिएका कवितामा तत्समुदायमा परम्परादेखि चलिआएका चाडबाड, विवाह, उत्सव र संस्कारहरूको चित्रण पाइन्छ । यस्ता परम्परित संस्कृतिले एकआपसमा एकता र आत्मीयताको विकास हुने अनि मानवीय सम्बन्ध बलियो हुने कुरा प्रस्तुत गरिएको छ । साथै माथि विश्लेषण गरिएका कविताहरूमध्ये केही कवितामा परम्परित संस्कृतिप्रति सम्मानभाव व्यक्त गरिएको पाइन्छ भने केही कवितामा परम्परित संस्कृतिलाई पनि समयसापेक्ष परिवर्तन गर्दै लैजानुपर्ने विचार व्यक्त गरिएको देखिन्छ । यसैगरी जनजातीय संस्कृतिलाई विषय बनाइएका कविताहरूमा जनजातीय संस्कृतिले जनजातिहरूको पहिचान र इतिहासलाई जीवन्त राखेको विचार स्पष्ट रुपमा व्यक्त भएको छ । जनजातीय संस्कृति जनजातिहरूको मौलिक इतिहास भएकाले यसप्रति अधिकांश कवितामा गौरबबोध गरिएको भाव पाइन्छ र यसको संरक्षणमा जोड दिएको पाइन्छ भने दलित संस्कृतिलाई विषय बनाई लेखिएका कविताहरूमा प्रतिरोधी आवाज मूलस्वर बनेर आएको देखिन्छ । यी कविताहरूमा दलितहरूका पेसा, श्रम र उनीहरूको स्वाभिमानलाई अभिव्यक्त गर्ने माध्यम नै दलित संस्कृति भएकाले यसप्रति गर्व गरिएको देखिन्छ । उत्तरवर्ती नेपाली कवितामा परम्परित संस्कृतिलाई अभिव्यक्त गर्नका लागि विविध किसिमका संस्कृतिपरक मिथक र बिम्बहरूको समेत प्रयोग भएको पाइन्छ । यसप्रकारको प्रयोगले कविताको विषयगत पक्षमा मात्र नभई शिल्पगत पक्षमासमेत कविताहरू सबल देखिन्छन् । यसरी परम्परित संस्कृतिपरक अन्तर्विषयकतालाई प्रयोग गरी लेखिएका उत्तरवर्ती नेपाली कविताको अध्ययनबाट उत्तरवर्ती नेपाली कवितामा परम्परित संस्कृति सघनरूपमा अभिव्यक्त भएको र यसकिसिमको संस्कृतिपरक

अन्तर्विषयकताले विश्लेषित कवितालाई विचारप्रधान, बहुलचेतनायुक्त र प्रभावकारी बनाएको निष्कर्ष निकालिएको छ ।

कृतज्ञताज्ञापन

प्रस्तुत अनुसन्धानात्मक लेख विश्वविद्यालय अनुदान आयोगले प्रदान गरेको 'समकालीन नेपाली कवितामा अन्तर्विषयकता' शीर्षकको विद्यावारिधि कार्यक्रमअन्तर्गत गरिएको अनुसन्धानमा आधारित छ । यसका लागि म विश्वविद्यालय अनुदान आयोग, सानोठिमी भक्तपुर र सहकार्यका लागि पद्मकन्या बहुमुखी क्याम्पस बागबजारप्रति कृतज्ञताज्ञापन गर्दछु ।

सन्दर्भसूची

अधिकारी, ज्ञानु (सन् २०२३), 'इतर कवितामा जनजातीय संस्कृति', *त्रिभुवन विश्वविद्यालय जर्नल,* भोल्युम ३८, पृ.२०६-२१९ ।

अधिकारी, ज्ञानु (२०७८), *समकालीन नेपाली कवितामा पहिचानको स्वर,* काठमाडौँ : नेपाल प्रज्ञा-प्रतिष्ठान ।

खेरेस, देवेन्द्र, (२०६५), *रुङ्रीको बयान र नदीकिनारा,* हङकङ : सृजनशील साहित्य समाज ।

गिरी, अमर, सम्पा. (२०६९), 'समकालीन नेपाली कविता', *गरिमा,* (३१/३६३), पृ. १४१-१४९) ।

निश्चल, आर.बी. (२०७३), *पैताला पुकार,* पाल्पा : धवल पुस्तकालय ।

पोमु, पराजित (२०७९), *मद्वारा मेरो निर्माण,* काठमाडौँ : फिनिक्स बुक्स ।

पराजुली, मोतीलाल (२०७१), *नेपाली लोककथा : सिद्धान्त र विश्लेषण,* काठमाडौँ : विवेक सिर्जनशील प्रकाशन प्रा.लि.।

परियार, पञ्चकुमारी (२०७१), *जुठी,* ललितपुर : साझा प्रकाशन ।

पाण्डेय, ताराकान्त (२०७३), *मार्क्सवाद, सांस्कृतिक अध्ययन र साहित्यको समाजशास्त्र.* ललितपुर : साझा प्रकाशन ।

बुढाथोकी, वियोगी (२०७१), *फर्किएँ,* काठमाडौँ : बि. एन. पुस्तक संसार प्रा. लि ।

भट्टराई, रमेशप्रसाद (२०७७), *सांस्कृतिक अध्ययनको (वर्गीय, लैङ्गिक र जातीय) सिद्धान्त र नेपाली सन्दर्भ,* काठमाडौँ : भुँडीपुराण प्रकाशन ।

मुकारुङ, श्रवण (२०६७), *बिसे नगर्चीको बयान,* काठमाडौँ : साङ्ग्रिला पब्लिकेसन ।

लम्साल, नवराज (२०७४), *क्रमशः एक्लै-एक्लै,* ललितपुर : साझा प्रकाशन ।

श्रीशीशा, राई (२०६६), *चेतनाहरू चबाएर,* विराटनगर : वाणी प्रकाशन ।

सङ्केत, केदार (२०६९), *सङ्केतका कविताहरू,* काठमाडौँ : आवरण डट कम ।

सुवेदी, राजेन्द्र (२०७३), *सांस्कृतिक अध्ययन र नेपाली साहित्य,* काठमाडौँ : पाठ्यसामग्री प्रकाशन ।

Klein, Thompson juile (2005), *Humanities, Cutural, and Interdisciplinarity The Changing* American Academy, State University of Newyork Press.

Moran, Joe (2002). *Interdiciplinarity*, London : Routledge, Taylor and Francis group.